निर्णय नं. १:

आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा, प्रदेशभित्र शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न एवम् अपराध रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित निकायबाट सक्रियतापूर्वक कार्यसम्पादन गर्ने ।

निर्णय नं. २:

प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण गरी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सम्बन्धित सबै निकायहरुले कार्ययोजना र खरिद योजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ३:

आ-आफ्नो निकायमा रहेको सरकारी सम्पत्तिको विवरण तयार पारी संरक्षणको आवश्यक प्रबन्ध मिलाउने ।

निर्णय नं. ४:

स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधी कार्यप्रक्रिया, निर्देशिका आदिको समयमै तर्जूमा तथा स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ५:

प्रदेश सरकारले प्रचलित कानून अनुसार लिने राजश्व, कर, शुल्क, रोयल्टी, दण्ड जरिवाना आदिको प्रभावकारी रुपमा संकलन व्यवस्थापन गर्ने । राजश्व चुहावट नियन्त्रणको भरपर्दो व्यवस्था मिलाउने ।

निर्णय नं. ६:

प्रदेशका विभिन्न निकायमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन, सक्षमता अभिवृद्धि गर्न कर्मचारी क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ७:

तथ्य र तथ्यांकमा आधारित नीतिगत र कार्यगत व्यवस्था मिलाउन विषयगत र क्षेत्रगत तथ्यांक अध्यावधिक गर्ने ।

निर्णय नं. ८:

विद्युत, सिंचाई, खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने तथा आवश्यकता अनुसार थप नीतिगत व्यवस्था गर्ने ।

निर्णय नं. ९:

प्राकृतिक प्रकोप नियन्त्रण, जलउत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक प्रवन्ध गर्ने ।

निर्णय नं. १०:

प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायीक शिक्षा एवम् विद्यालय शिक्षामा पहुँच, गुणस्तर र संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक प्रवन्ध मिलाउने ।

निर्णय नं. ११:

मानवीय स्वास्थ्य उपचार सेवाको भरपर्दो व्यवस्था मिलाउने । स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक आदि कार्यक्रमको प्रवर्द्धन गर्ने ।

निर्णय नं. १२:

प्रादेशिक व्यपार प्रवर्द्धन एवम् सहजीकरणका लागि सिण्डिकेट, कार्टेलिङ नियन्त्रण गर्ने तथा वस्तु सेवा र वौद्धिक सम्पत्तीको व्यापार व्यवस्थापनमा सहयोग, समन्वय तथा नियमन गर्ने ।

निर्णय नं. १३:
प्रदेश लोक मार्गको सुदृढीकरण तथा विकासका लागि आवश्यक प्रवन्ध मिलाउने ।

निर्णय नं. १४:
प्रदेश भित्र विभिन्न जात, जाती, लिङ्ग, भाषा, धर्म, संस्कृति, सम्प्रदायबीचको पारस्परिक सद्भाव, सहिष्णुता तथा एकतालाई दरिलो बनाउने गरी स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन व्यवस्था मिलाउने ।

निर्णय नं. १५:
प्रादेशिक राजधानी व्यवस्थापन गर्ने क्रममा सरकारी कार्यालयको भौतिक व्यवस्थापन गर्ने कार्यलाई तिव्रताका साथ अघि बढाउने ।

निर्णय नं. १६:
प्रदेश भित्रको ग्रामिण तथा शहरी विकास, योजनाको प्रभावकारी कार्यान्वयन गर्दै आवास तथा भवन सम्बन्धी थप नीतिगत व्यवस्था गर्ने ।

निर्णय नं. १७:
प्रदेश भित्र निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने ।

निर्णय नं. १८:
प्रदेश भित्रका भाषा, लिपि, संस्कृति, कला, धर्म, चालचलन आदि साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन, खोज अनुसन्धान तथा व्यवस्थापन गर्ने ।

निर्णय नं. १९:
प्रदेशस्तरमा वन, वन्यजन्तु, वनस्पती, जडिवुटी तथा जैविक विविधता व्यवस्थापन, सम्वन्धी कार्यहरु सम्पादन गरी वन अतिक्रमण नियन्त्रण र वन तथा वातावरण संरक्षण सम्वन्धी कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. २०:
कृषि, विकास, पशु विकास, रोग, किरा एवम् पशुपंक्षी महामारी नियन्त्रण गरी कृषि उपज र पशुपंक्षी उत्पादनलाई गुणस्तरीय बनाउन आवश्यक प्रबन्ध मिलाउने ।

निर्णय नं. २१:
गुठी जग्गा र गुठी व्यवस्थापन सम्वन्धमा आवश्यक प्रवन्ध तथा समन्वय गर्ने ।

निर्णय नं. २२:
आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर प्रवर्द्धन तथा कार्य व्यवस्थापन अनुगमन गर्ने कार्य थप प्रभावकारी बनाउने ।

निर्णय नं. २३:
विषय क्षेत्रगत प्रदेश नीति मस्यौदा गर्ने । जारी भएका प्रदेश नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन गर्ने । अदालतका फैसलाहरुको कार्यान्वयन गर्ने तथा संवैधानिक निकाय एवम् अन्य निगरानी निकायहरुमा दिनु, पठाउन पर्ने जवाफहरु समयमै पठाउने व्यवस्था मिलाउने ।

निर्णय नं. २४:
समय पालन, नियमितता, पोशाक, कार्यालय व्यवस्थापन तथा सफाई, सरोकारवालासँगको समन्वय, कार्य सञ्चालनमा पारदर्शिता तथा सुशासन प्रवर्द्धनका लागि प्रदेशस्थित सवै निकायहरुले प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने ।